# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २० मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले देशभरिका हजारौं स्वास्थ्य तथा कल्याण केन्द्रहरूको विशाल सञ्जाल स्थापना गरेकाले समावेशिता भारतको स्वास्थ्य सुधारको मूल आधार भएको बताउनु भएको छ ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले २२ मई मा भिडियो कन्फरेन्समार्फत पश्चिम बङ्गालमा नवनिर्मित तीन वटा रेलवे स्टेशन सहित देशका १०३ रेलवे स्टेसनहरुको उद्घाटन गर्नुहुनेछ।

- उत्तर बङ्गाल राज्य परिवहन निगम (एन.बी.एस.टी.सी.) ले उत्तर बङ्गालबाट दिघाको जगन्नाथ धाम सम्म भोल्भो बस सेवा शुरु गरेको छ।

- सेन्ट जोसेफ कलेज दार्जिलिङकी विद्यार्थी प्रतिमा राईले संसारको सर्वोच्च शिखर सगरमाथा विजयी हासिल गर्न सफल बनेकी छन् ।

- बिजनबारी खेलमैदानमा जारी रहेको अन्डर 15 ओपन फुटबल प्रतियोगिताको दोस्रो राउन्डको म्याच सम्पन्न भएको छ ।

**प्रधानमंत्री नरेन्द्र मोदी -स्वास्थ्य सुधार**

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले देशभरिका हजारौं स्वास्थ्य तथा कल्याण केन्द्रहरूको विशाल सञ्जाल स्थापना गरेकाले समावेशिता भारतको स्वास्थ्य सुधारको मूल आधार भएको बताउनु भएको छ । श्री मोदीले भन्नुभयो -विश्वको सबैभन्दा ठूलो स्वास्थ्य बीमा योजना आयुष्मान भारत सञ्चालन भइरहेको छ जसमा ५८ करोड मानिसलाई निःशुल्क उपचार प्रदान गरिएको छ। जेनेभामा आयोजित विश्व स्वास्थ्य संगठनको ७८औँ अधिवेशनलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले स्वस्थ विश्वको भविष्य समावेशिता, एकीकृत दृष्टिकोण र सहयोगमा निर्भर रहेको बताउनु भएको छ ।

**प्रधानमंत्री-पश्चिम बंगाल -तीन नव विकसित रेलवे स्टेशन -लोकार्पण**

प्रधानमन्त्री नरेन्द्र मोदीले २२ मई मा भिडियो कन्फरेन्समार्फत पश्चिम बङ्गालमा नवनिर्मित तीन रेलवे स्टेशनसहित देशका १०३ रेलवे स्टेसनको उद्घाटन गर्नुहुनेछ। यी स्टेशनहरू केन्द्र सरकारको महत्वाकांक्षी 'अमृत भारत स्टेशन योजना' अन्तर्गत विकसित गरिएको छ। 'अमृत भारत स्टेशन योजना' अन्तर्गत प्रधानमन्त्री श्री मोदीले पश्चिम बङ्गालमा उद्घाटन गर्ने तीन स्टेशनहरू पानागढ, कल्याणी घोषपारा र जयचण्डी पहाड हुन्। यसमध्ये पानागढ र कल्याणी घोषपाडा स्टेशन पूर्वी रेलवे अन्तर्गत पर्दछन् भने जयचण्डी पहाड स्टेशन दक्षिण पूर्वी रेलवे अन्तर्गत पर्दछन्। रेलवेका एक अधिकारीले भने, 'यी स्टेसनहरू पूर्ण रूपमा पुनर्विकास गरिएको छ। यात्री सुविधाहरू आधुनिकीकरण गरिएको छ, स्टेशनको भित्री र डिजाइनमा पनि ठूलो परिवर्तन गरिएको छ। "यी स्टेशनहरूको पुनर्विकासले यात्री सुविधाहरू, पहुँचको सहजता र सतत डिजाइनलाई प्राथमिकता दिएको छ। यसले यात्रा अनुभवमा सुधार मात्र होइन स्थानीय क्षेत्रको आर्थिक प्रगतिलाई पनि बढावा दिनेछ। 'अमृत भारत स्टेशन स्किम' अन्तर्गत पश्चिम बङ्गालमा कुल १०० रेलवे स्टेशनहरू आधुनिक सुविधाहरूको साथ विकास भइरहेको छ। यो योजनालाई भारतीय रेलको पूर्वाधारलाई विश्वस्तरीय बनाउने दिशामा एक प्रमुख कदम मानिएको छ।

**पर्यटन बढ़ावा -उत्तर बंगाल राज्य परिवहन निगम - वोल्वो बस सेवा**

उत्तर बङ्गाल राज्य परिवहन निगम (एन.बी.एस.टी.सी.) ले उत्तर बङ्गालबाट दिघाको जगन्नाथ धामसम्म भोल्भो बस सेवा शुरु गरेको छ। सिलिगुडी संलग्न भिडियोकोन मैदानमा आयोजित सेवा वितरण कार्यक्रमको मुख्यमन्त्री सुश्री ममता ब्यनार्जीले आज उद्घाटन गर्नुभयो ।यस सेवाको उद्देश्य उत्तर बङ्गालका मानिसहरूलाई मन्दिर र समुद्री किनारको गन्तव्य दुवैमा सहज पहुँच प्रदान गर्नु रहेको को छ । बङ्गाल सरकारले उत्तर बङ्गालको छ जिल्लाबाट दक्षिण बङ्गालको पूर्व मेदिनीपुर जिल्लाको तटीय शहर दिघासम्म भोल्भो बस सेवा शुरु गरेको छ, जहाँ राज्यले हालै जगन्नाथ धाम मन्दिरको उद्घाटन गरेको छ।

**सेन्ट जोसेफ कलेजकी विद्यार्थी सुश्री प्रतिमा राई -सगरमाथा अभियान**

सेन्ट जोसेफ कलेज दार्जिलिङकी विद्यार्थी प्रतिमा राईले संसारको सर्वोच्च शिखर सगरमाथा विजयी हासिल गर्न सफल बनेको जानकारी प्राप्त भएको छ। तिनले यो ऐतिहासिक उपलब्धि 20 मई बिहान 3 बजे पूरा गरिन्। ८ हजार ८ सय ४८ मिटर अग्लो चुचुरोमा पुग्न राजनीति शास्त्र चौथो सेमिस्टरमा अध्ययनरत छिन्। NCC क्याडेट प्रतिमाको यस ऐतिहासिक उपलब्धिले सम्पूर्ण दार्जिलिङलाई नै गौरवान्वित तुल्याएको छ।

**असित राई स्मृति ग्रन्थ -बिमोचनको तयारीमा**

भारतेली नेपाली साहित्यका मुर्धन्य साहित्यकार, साहित्य अकादमी पुरस्कारले पुरस्कृत एव साहित्य अकादमी महत्तर सदस्यताले अलंकृत साहित्यकार स्व .असित राई को योगदानलाई जीवन्त राख्ने उदेश्यले तयार पारिएको ‘स्मृतिमा असित राई’ स्मृति ग्रन्थ बिमोचन को तयारीमा रहेको जानकारी असित राई स्मृति साहित्यिक मंच खर्सांगका सचिव दिपक ठटालले दिनुभएको छ l

**सुकना-लापरवाही**

सुकना खण्ड प्राथमिक स्वास्थ्य केन्द्रमा लापरवाहीको कारण एक व्यक्तिको मृत्यु भएको आरोप उठेको छ।सुकुना खण्ड प्राथमिक स्वास्थ्य केन्द्रमा सुकना निवासी रतन छेत्रीलाई हिज बिहान भर्ना गरिएको थियो। पखालाका कारण बिरामी सिकिस्त अवस्थामा देखिएपछि अस्पताल पक्षबाट थप उपचारको निम्ति तिनलाई रेफर गरिएको थियो। बिरामीलाई लैजाने अस्पतालका एम्बुलेन्सहरू तत्कालै उपलब्ध थिएनन्, अस्पतालको पक्षबाट एम्बुलेन्स बाहिर गएको छ आउँदैछ भन्दै बिरामीका परिवारलाई दुई घण्टा जति प्रतीक्षा गराएको आरोप रहेको छ। त्यसरी पर्खाइएपछि तत्काल उपचार नपाएका कारण नै उक्त व्यक्तिको सुकुना अस्पतालमा नै मृत्यु भएको बताइएको छ। यस मृत्युको घटनाले गर्दा अस्पतालमाथि लापरवाहीको ठूलो आरोप उठेको छ।

**सिंगबुली चियाबगानमा प्रबन्धक र श्रमिक संगठनबीच सभा सम्पन्न**

मिरिक महकुमा अन्तर्गत सिंगबुली चियाबगानमा आज प्रबन्धक पक्ष र श्रमिक संगठनहरूबीच महत्वपूर्ण सभा सम्पन्न भएको छ। श्रमिकहरूको विभिन्न मागहरूसहित इण्डियन गोर्खा जनशक्ति फ्रन्ट (IGJF) का श्रमिक संगठन अनि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका श्रमिक संगठन प्रबन्धक पक्षसंग सभा बसेको सभामा लामो समयदेखि रोकिएको श्रमिकहरूको ग्रेचुटी रकम रु. २५ लाख यसै जुन महिनाभित्र प्रदान गरिने प्रस्ताव लिइएको छ भने मेडिकल क्षेत्रमा श्रमिकहरूलाई थप सुविधा उपलब्ध गराइने,वर्षौंपछि पदोन्नति प्रक्रिया सुरु गरिने,फ्रिन्ज बेनिफिट (अन्य अतिरिक्त सुविधा) उपलब्ध गराइने,'प्ररोठा' नामक विवादास्पद नियम हटाइने र त्यसको सट्टामा कसैले पनि काम पाउने व्यवस्था गरिने जस्ता बिषय माथी निर्णय लिइएको जानकारी प्राप्त भएको छ ।यस सन्दर्भमा ‘हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संघ’ मिरिक महकुमा सचिव अनिल रानाले भ, “१८ दिनको श्रमिक आन्दोलन खेर न गएको तथा संगठन सधैं श्रमिकका हकहितका लागि लडिरहने बताउनु भएको छ l

**सिलीगुड़ी-मालदा पैसेंजर ट्रेन इंजन -आगो**

उत्तर दिनाजपुर् जिल्लाको गाइसालमा सिलिगुडी–मालदा यात्रुबाहक रेलको इन्जिनमा आज आगो लागे पछी त्रासको माहौल फैलियो । आज डीएमयू ट्रेन सिलिगुड़ी जंक्शन देखि मालदा गईरहेको थियो । रेल गाईसाल स्टेसनमा प्रवेश गर्ने बित्तिकै

ट्रेन म्यानेजर आरआर भारतीले रेलको पछाडिको इन्जिनबाट धुवाँ निस्किरहेको देखे। त्यसपछि उनले ड्राइभरलाई फोनमा यसबारे जानकारी दिए। ड्राइभरले गाईसाल स्टेसनमा रेल रोके। स्टेशन प्रशासन र रेलवे अधिकारीहरूलाई तुरुन्तै सूचित गरियो। दमकल आएर आगो नियन्त्रणमा ल्याउने कोशिस गरियो। घटनामा कुनै मानवीय क्षति नभएको रिपोर्ट प्राप्त भएको छ ।

**कलकत्ता उच्च न्यायालय-टेट परीक्षा**

कलकत्ता उच्च न्यायालयले यो स्पष्ट पारेको छ कि उच्च प्राथमिक टेट परीक्षा २०२६ को मार्च महिना भित्र लिनु पर्नेछ। कक्षा ६ देखि ८ सम्मका शिक्षक भर्नाका लागि उच्च प्राथमिकमा परीक्षा लिने गरिएको छ। यस परीक्षामा सामेल हुनका लागि डि.एल.एड र बि.एड.को डिग्रीसहित कुनै पनि विषयमा स्नातक गरेको भए परीक्षार्थीले यस परीक्षामा बस्न सक्नेछन्। हाल बीएड वा डिएलएड गरिरहेका विद्यार्थीले पनि यो परीक्षामा भाग लिन पाउने व्यवस्था गरिएको छ। पश्चिम बङ्गालशिक्षक भर्ती घोटाला प्रकरणमा सर्वोच्च अदालतको आदेश अनुसार लगभग २६ हजार शिक्षकहरुको नोकरी खारेज भएपछि विद्यालयहरुमा शिक्षकहरुको अभावको कारण स्कुलहरु सहि ढंगमा संचालन हुन सकिरहेका छैनन् ।

**पश्चिम बंगाल -कलकत्ता उच्च न्यायालय -खारिज**

कलकत्ता उच्च न्यायालयले पश्चिम बङ्गाल सरकारले सरकारी विद्यालयहरूमा उच्च-प्राथमिक तहमा अतिरिक्त पदहरूको लागि भर्तीमा लगाइएको प्रतिबन्ध हटाउन को लागी दर्ता गरेको याचिका लाई खारेज गरेको छ। न्यायाधीश सौमेन सेन र स्मिता दासको संयुक्त पीठले आज यो मुद्दा एकल पीठमा विचाराधीन रहेको अवस्थामा स्थगित हटाउन उपयुक्त नहुने स्पष्ट पारेको हो। यसअघि न्यायाधीश विश्वजित बसुको एकल पीठले भर्ना प्रक्रियामा रोक लगाएको थियो। राज्य सरकारले उक्त आदेश विरुद्ध उच्च न्यायालयमा अपिल दर्ता गरेको थियो। धेरै दिनसम्म यस मुद्दाको सुनुवाइ पछि पनि सर्वोच्च न्यायालयले यसअघि लगाइएको स्थगित हटाउन अस्वीकार गरेको थियो।

**खम्बु राई कल्याण समिति-उभौली पुजा**

खम्बु राई कल्याण समितिको आयोजनामा उँभौली पूजा एवम् साकेला पर्व सम्पन्न गरिएको छ। खरसाङको माथिल्लो डुमाराम बस्तीमा अवस्थित माङ्खिममा सम्पन्न गरिएको पूजा माङ्पा सहदेव राईले ढोल बजाएर विधि पूर्वक सम्पन्न गरेका थिए। पूजा खम्बु राई कल्याण समितिका अध्यक्ष मदन कुमार राई, सचिव सुदिप राई, कोषाध्यक्ष एमपी राई, मुख्य सल्लाहकार अजित राई अनि अन्यान्य कार्यकारिणी समितिका सदस्यहरूको उपस्थिति रहेको थियो।

**बिजनबारी -फुटबल**

बिजनबारी खेलमैदानमा चलीरहेको अन्डर 15 ओपन फुटबल प्रतियोगिताको दोस्रो राउन्डको खेल आज आप्पा सेवेन डाली बनाम माउन्ट कार्मेल लामागाँऊ माझ भिडन्त भयो जसमा आप्पा सेवेन डालीको 2 गोलको विरुद्ध तीन गोल गरेर माउन्ट कार्मेल लामागाउँ क्वार्टर फाइनलमा प्रवेश गरेका छन् भने दोस्रो खेलमा सङ्कटा दार्जिलिङको 2 गोलको विरुद्ध 3 गोल गरेर दार्जिलिङ एफ सी क्वार्टर फाइनलमा प्रवेश गरेका छन्। उक्त प्रतियोगितामा बिजनबारी भेगका दलहरू लगायत सिक्किम, कालेबुङ, सिलगढी,दार्जिलिङबाट उत्कृष्ट दलहरूले अंशग्रहण गरेका छन् भने यस प्रतियोगिताको अन्तिम खेल आगामी 28 मईको 2025 दिन रङ्गारङ कार्यक्रमबीच सम्पन्न गरिने भएको छ।